महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १७ अङ्क : १३ महिना : माघ-चैत्र, २०७४

## हिंसामा महिला र बालबालिका

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । घरेलु हिंसा, हत्या, बलात्कार, बलात्कारको प्रयास, बोक्सी, बालबालिका अपहरण, परिवर्तन तथा अधिकारका नाममा हुने आन्दोलनमा महिला बालबालिका माथि भएका अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ । हिंसाका रुप फेरिएसँगै सामाजिक सञ्जालमा कुरा गरेको भरमा लोभ लालचमा परी महिला र किशोरीहरु पीडित भएको भएका छन् । जसका कारण आमाविहीन बालबालिकाको संख्या पनि बढ्दो छ । बाबु विदेशमा र आमाले छोराछोरी नै छोडेर हिड्ने गर्दा बालबालिकाहरु समस्यामा पर्न थालेका छन् । वैदेशिक रोजगारी, मदिरा सेवन, धार्मिक तथा सास्कृतिक रीतिरिवाज पनि घरेलु हिंसाको प्रमुख कारण रहेको छ । समाजमा विद्यमान विपन्न वर्ग तथा जात, मादक पदार्थ सेवन गर्ने परम्परा, परिवारमा सासू बुहारीको बेमेल र पितृसतात्मक सोचका कारणले पनि घरेलु हिंसा हुने गरेको पाइन्छ । त्यसको प्रत्यक्ष असर महिला र बालबालिकामा परेको देखिन्छ ।

गतबर्षको तुलनामा हिंसाका घटनाहरु केहीमात्रामा भएपनि बाहिर आउन थालेका छन् । तर पनि अज्ञानता, सामाजिक असहयोग, डरधम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु सोचे अनुरुप बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् ।

महिला बालबालिकाको संरक्षण र सम्ब्रर्द्धनकालागि भनेर सरकारी तथा गैरसरकारी क्षेत्रमा समेत ठूलो लगानी भईरहेको छ । दैनिक रुपमा महिला र बालबालिकाका अधिकारका बारेमा विविध कार्यक्रमहरु सञ्चालन भइरहे पनि महिला र बालबालिका माथि हुने हिंसा न्यूनिकरण हुनुको सट्टा पुनारावृति भइरहेको देखिन्छ । हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यममा बज्जे सन्देश र सडक नाटक, वृत्तचित्र तथा सडक छेउ वा मानिसको चहलपहल बढी हुने ठाउँमा राखिएका सन्देश मूलक सामग्री तथा ठूलाठूला होर्डिङ बोर्डले पनि समाजमा खासै सकारात्मक प्रभाव पार्न सकेको छैन ।

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७४ को माघ देखि चैत्र सम्म ३ महिनाको अवधिमा मुलुकभर महिला र

बालबालिकामाथि भएका हिंसाका ५२ वटा घटना प्रकाशित भएको छ । प्रकाशित समाचार अनुसार सबैभन्दा धेरै बलात्कारका घटना रहेका छन् । त्यसैगरी हत्या, बोक्सी ओरोपमा कुटपिट, बालबालिका माथि श्रम शोषण, यौनदूर्व्यवहार, अपहरण लगायतका समाचार प्रकाशित भएका छन् ।

## हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नयाँपत्रिका र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा २४ वटा महिला हिंसासंग सम्बन्धीत समाचार प्रकाशित भएको पाइएको छ । प्रकाशित समाचार अनुसार ६ महिलाको हत्या भएको छ । ६ महिला बलात्कारको शिकार भएकी छिन् । त्यस मध्ये २ महिलाको सामूहिक बलात्कार भएको छ । बोक्सी आरोपमा ३ महिला पीडित भएका छन् । हिंसात्मक कार्यका कारण ७ महिला घाइते भएका छन् । घाइते मध्ये ५ महिला सिराहको लहान बजारमा भएको बम बिष्फोटमा परी घाइते भएका हुन् । त्यसैगरी बलात्कार प्रयास, आत्महत्यामा १-१ महिला पीडित भएको समाचार पनि प्रकाशित भएको पाइएको छ ।




## हिंसामा बालबालिका :

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना २८ वटा पहिचान गरेका छन् । त्यसमध्ये ३ बालबालिका बालिकाको हत्या भएको छ । १७ बालिका बलात्कारको शिकार भएकी छिन् । त्यस मध्ये ४ बालिकामाथि सामूहिक बलात्कार भएको छ । २ बालबालिकामाथि श्रम शोषण भएको समाचार पनि प्रकाशित भएको छ । त्यसैगरी अपहरण, बलात्कार प्रयास, यातना, कुटपिट, घाइते, यौनदूर्व्यवहार १-१ बालबालिका पीडित भएको समाचार पनि प्रकाशित भएको छ ।




## क्षेत्रगत आधारमा :

तीन महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा प्रदेश नं. (१) १२, प्रदेश नं. (२) ७, प्रदेश नं. (३) ९, प्रदेश नं. (४) १, र प्रदेश नं. (५) ४, प्रदेश नं. (६) २ र प्रदेश नं. (७) ७ वटा गरी जम्मा ४२ वटा समाचार प्रकाशित भएका छन् ।

महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा
माघ देखि चैत्र २०७४



## इह्रिकन गतिविधि :

१०८ औं अन्तर्राष्ट्रिय महिलाको अवसरमा आयोजित विविध कार्यक्रममा इह्रिकनको सक्रिय सहभागीता रह्यो । सोही अवसरमा इह्रिकन महिला मन्त्रालयले आयोजना गरेको र्‍यालीमा सहभागीता जनायो भने **FHI360** संग मिलेर " म बोल्छु" अभियान आफ्नै घरपरिवार, समुदाय अथवा समाजमा महिलामाथि हुने कुनै पनि प्रकारका शारिरिक, मानसिक, आर्थिक एवं यौनजन्य दुर्व्यवहार र विभेदकारी सामाजिक कार्य महिलामाथिको हिंसा भएकोले म यस्तो खाले हिंसा गर्दिन, सहन्न । साथै यसका विरुद्ध आजैदेखि **"म बोल्छु"** । भन्ने अभियान अर्न्तगत भक्तपुर जिल्ला समन्वय समितिले आयोजना गरेको कार्यक्रमा महिला माथि हुने हिंसा विरुद्ध हस्ताक्षर अभियान सञ्चालन गरेको थियो ।












नया बर्ष २०७५ को
शुभकामना
HAPPY NEW YEAR
IHRICON
मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन)
ज्वागल, ललितपुर
फोन : ०१-५५४४२०५
www.ihricon.org.np
Email: ihricon@mos.com.np, ihriconihricon@gmail.com